## उपप्रमुख श्री किशोरी साहबाट

# जनकपुरधाम उपमहानगरपालिकाको

दशौं अधिवेशनमा पेश भएको

आर्थिक वर्ष २०८०/०८१ को

**बजेट वक्तव्य**

**जनकपुरधाम उपमहानगरपालिका**

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

**आदरणीय नगरसभा अध्यक्षज्यू, नगरसभाका सचिवज्यू, नगरसभा सदस्यज्यू, राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरु, पत्रकारज्यूहरु, सुरक्षकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु**

**१.** नेपालको संविधान जारी भई राज्यको पुनसंरचना पश्चात दोस्रो पटक भएको निर्वाचन पछिको तेश्रो पटक बसेको यस जनकपुरधाम उप-महानगरपालिकाको दशौं नगरसभामा नेपालको संविधानको धारा २३० बमोजिम आगामी आर्थिक वर्ष २०८०/०८१ को राजश्व र व्ययको अनुमान उप-महानगरपालिकाको उपप्रमुख, बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गर्वको महसुस भईरहेको छ।

**२.** आज हामीले विभिन्न लोकतान्त्रिक आन्दोलन र मधेश आन्दोलनको जगमा रही संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको अवलम्बन गरी रहेका छौं। जनताका प्रतिनिधिहरु मार्फत शासन गर्ने शासकीय व्यवस्थाको अभ्यास गर्न पाई रहेका छौं। यिनै उपलब्धिहरु हासिल गर्न आफ्नो अमूल्य जिवन उत्सर्ग गर्ने अमर शहिदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै आन्दोलनका क्रममा घाईते हुनु भएका योद्धाहरु र अगुवा नेतृत्व वर्ग प्रति उच्च सम्मानभाव व्यक्त गर्दछु।

**३.** जनकपुरधाम उप-महानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, आठौं र नबौं नगर सभाबाट पारित चालु आ.व.को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अबलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट समेतलाई आधार मानी तयार गरेको छु। बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, गरिवीको रेखामुनी रहेका, विभेदमा परेका, सबै नगर वासिको विकास र सम्बृद्धीको चाहनालाई सम्बोधन गर्न बजेट केन्द्रीत गरेको छु। नगरको आमुल परिवर्तन, आर्थिक र सामाजिक विकासको आकांक्षालाई पुरा गर्न नागरिक समुदाय लगायत सबै बाट प्राप्त सुझाव समेतलाई ध्यान दिई बजेट केन्द्रीत गरेको छु।

**४.** नेपालको संविधान जारि भए पश्चात राज्यको संरचना तिन तहको सरकारबाट संरचित छ। स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। स्थानीय सरकारको रुपमा जनकपुरधाम उप-महानगरपालिकाले व्यवस्थापकिय, कार्यकारी र न्यायिक अधिकार प्रयोग गर्दै आएको छ। यस सम्मानित सभामा आदरणीय नगर प्रमुखज्यू एवं सभा अध्यक्ष ज्यूबाट आज मिति २०८० असार ०८ गते केहि छन अगाडी आ.व. ०८०/०८१ को लागि पेश भएको वार्षिक नीति तथा कार्यक्रमलाई आधार मानी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

**५.** अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि**,** बजेटको समिक्षा तथा संसोधित आय र व्यय अनुमान तथा खर्च र आम्दानिको को समग्र अवस्था सम्बन्धमा संक्षेपमा समीक्षा तथा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आम्दानि तर्फ**

उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को जेष्ठ मसान्तसम्म आन्तरिक आय श्रोततर्फ आन्तरिक राजश्व रु.१४,३१,१०,०००।०० (**चौध करोड एकतिस लाख दश हजार**) र राजश्व बाडफाँडबाट रु.३२,८६,४९,८००।०० (**वतिस करोड छयासी लाख उनान्चास हजार आठ सय**), जनसहभागिता श्रमदानबाट रु. १,००,००,०००।००(**एक करोड**) र बैंक मौज्दात रु. ५४,६५,५२,१००।०० (**चौवन्न करोड पैसठ्ठी लाख बाउन्न हजार एक सय**) गरी कुल आन्तरिक आय रु. १,०२,८३,११,९००।०० (**एक अर्व दुई करोड त्रियासी लाख एघार हजार नौ सय**) तथा वाह्य श्रोततर्फ संघीय सरकारबाट रु. ९५,९४,००,०००।०० (**पन्चानब्बे करोड चौरानब्बे लाख**), प्रदेश सरकारबाट रु. ४,९६,०६,१००।०० (**चार करोड छयानब्बे लाख छ हजार एक सय**) गरी कुल वाह्य आय रु. १,००,७०,०६,१००।०० (**एक अर्व सतरी लाख छ हजार एक सय**) गरि जम्मा कुल आय रकम रु. २,०३,५३,१८,०००।०० (**दुई अर्व तिन करोड त्रिपन्न लाख अठार हजार**) संशोधित अनुमान गरिएको जानकारी गराउन चाहन्छु । अनुमान गरिएको राजश्व तथा अनुदानहरु मध्ये २०८० जेष्ठ मसान्त सम्म आन्तरिक राजश्व तर्फ रु. ९,१५,२२,४११।१२(**नौ करोड पन्ध्र लाख बाईस हजार चार सय एघार रुपैया र बाह्र पैसा**) रहेको छ, जुन लक्ष्यको तुलनामा ६३.९५ प्रतिशत हुन आउँछ, राजश्व बाँडफाँड तर्फ रु. २९,०६,८१,८२९।१०(**उनान्तिस करोड छ लाख एकासि हजार आठ सय उनान्तिस रुपैया र दश पैसा**) रहेको छ, जुन लक्ष्यको तुलनामा ८८.४५ प्रतिशत हुन आउँछ, जनसहभागिता श्रमदान तर्फ रु. ३,१३,५२,८२४।३६ (**तिन करोड तेह्र लाख बाउन्न हजार आठ सय चौबिस रुपैया र छतिस पैसा**) रहेको छ, जुन लक्ष्यको तुलनामा ३१३.५३ प्रतिशत हुन आउँछ, बैंक मौज्दात रु. ५४,६५,५२,७३०।१७ (**चौवन्न करोड पैसठ्ठी लाख बाउन्न हजार सात सय तिस रुपैया र सत्र पैसा**) रहेको छ, जुन लक्ष्यको तुलनामा १०० प्रतिशत हुन आउँछ, त्यस्तै नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बाह्य आम्दानी तर्फ रु. ७२,२०,०६,२५०।००(**बहत्तर करोड बिस लाख छ हजार दुई सय पचास रुपैया**) रहेको छ, जुन लक्ष्यको तुलनामा ७१.७० प्रतिशत हुन आउँछ यसरी कुल जम्मा आन्तरिक र वाह्य गरि कूल जम्मा रु. १,६८,२१,१६,०४४।७९(**एक अर्व अडसठ्ठी करोड एक्काईस लाख सोह्र हजार चौवालिस रुपैया र उनासी पैसा**) रहेको छ, जुन कुल लक्ष्यको ८२.६५ प्रतिशत हुने आउँछ, यस जनकपुरधाम उपमहानगरपालिकाले लिएको नीति अनुरुप आन्तरिक राजश्व वाहेक अपेक्षित राजश्व संकलन भएको व्यहोरा जानकारी गराउदछु ।

**<u>विनियोजन तर्फ</u>**

यस उपमहानगरपालिकाको आठौं नगर सभाबाट पारित आ.व. ०७९/०८० बजेट, योजना तथा कार्यक्रमहरु नबौं नगरसभाबाट संसोधन भई रु. २,०३,५३,१८,०००।०० (**दुई अर्व तिन करोड त्रिपन्न लाख अठार हजार** ) वार्षिक बजेट स्वीकृत भै चालु बजेट तर्फ रु. १,११,७३,५३,५०४।०० (**एक अर्व एघार करोड त्रिहत्तर लाख त्रिपन्न हजार पाँच सय चार**) जुन कुल बजेटको ५४.९० प्रतिशत हो र पुंजिगत बजेट तर्फ रु. ९१,७९,६४,४९६।०० (**एकानब्बे करोड उनासी लाख चौसठ्ठी हजार चार सय छयानब्बे रुपैया**) जुन कुल बजेटको ४५.१० प्रतिशत बजेट विनियोजन गरिएको मा सामाजिक सुरक्षा तथा संरक्षण भता लगायत प्राप्त अन्य अनुदान तोकिएकै कार्यक्रममा खर्च हुने हुँदा उक्त रकम वार्षिक बजेटमा समावेश नभएको व्यहोरा जानकारी गराउन चाहन्छु । विनियोजन बजेटहरु मध्ये २०८० जेष्ठ मसान्त सम्मको चालु खर्च रु. ७१,१८,२९,३०६।४६ (**एकहत्तर करोड अठार लाख उनान्तिस हजार तिन सय छ रुपैया र छयालिस पैसा**) भएको छ, जुन कुल चालु खर्चको ६३.७१ प्रतिशत खर्च भएको छ भने पुंजिगत खर्च रु. ३२,६५,८३,८४१।५१(**बतिस करोड पैसट्ठी लाख त्रियासी हजार आठ सय एकचालिस रुपैया र एकाबन पैसा**) भएको छ, जुन कुल पुंजिगत खर्चको ३५.५८ प्रतिशत खर्च भएको छ, भने कुल विनियोजन बजेटको जम्मा खर्च रु. १,०३,८४,१३,१४७.९७(**एक अर्व तिन करोड चौरासी लाख तेह्र हजार एक सय सैतालिस रुपैया र सन्तानब्बे पैसा**) रहेको छ, जुन कुल बजेटको ५१.०२ प्रतिशत खर्च भएको व्यहोरा जानकारी गराउदछु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

**६.** अब म अगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य र प्राथमिकताहरुलाई स्थीरता, उत्पादनशिलता र रोजगार वृद्धी, समावेशी विकास, आत्मनिर्भरता र समृद्धीलाई ध्यानमा राखि बजेटका उद्देश्य निम्न अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- उपलब्ध श्रोत, सूचना र मानव संसाधनको उच्चतम परिचालन गर्दै विकासको गतिलाई तिव्रता दिने ।
- सामाजिक, आर्थिक, भौतिक पूर्वाधार विकास मार्फत समुन्नत र समाजबाद उन्मुख राष्ट्रिय अर्थतन्त्र निर्माणमा पालिकाको आर्थिक गतिविधिहरु मार्फत योगदान गर्ने ।
- नगरको भौतिक पूर्वाधारको विकासलाई गति प्रदान गर्ने ।
- आमनगरवासीलाई गुणस्तरिय शिक्षा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।

- लैंगिक समानता, सामाजिक समावेशिकरण र सामाजिक सुरक्षा  मार्फत विभेदमुक्त समाज निर्माण गर्ने।
- लैङ्गिक समानता र सामजिक समाबेसिकरणलाई टेवा पुग्ने कार्यक्रम संचालन गर्ने
- दिगो बिकास लक्ष्य हासिल गर्ने स्थानियकारण योजना अनुरुप विकास गर्ने।
- रोजगारी सृजना र गरिबी न्यूनिकरणमा टेवा पुर्याउने।
- पर्यटन प्रबर्धन गरी नगरलाई आकर्षक पर्यटनको गन्तव्यस्थल बनाउने।
- सुशासन प्रबर्धन र संस्थागत सबलिकरणमा जोड दिने।
- कृषि, उद्योगको विकास र उद्यमशिलताको प्रबर्धन गर्ने।
- स्वच्छ, सुन्दर, सरसरफाई र हरियालीयुक्त नगरको विकास गर्ने।
- नगर वासिको रहर– "साझा, सुन्दर समृद्ध हरित सहर" गर्ने
- ग्रामिण सडक तथा पुल निर्माण गर्ने
- ग्रामिण विधुतीकरण गर्ने
- विधुतीय सेवा प्रवाह, ग्रामिन इन्टरनेट सेवा विस्तार गर्ने
- नवपर्वतन/निजि साझेदारी योजना सञ्चालन गर्ने

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

**७.** अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को आय तथा व्यय अनुमान पेश गर्न अनुमति  चाहन्छु।

आर्थिक वर्ष २०८०/०८१ को लागी कुल बजेट रु. २,२८,२३,६९,२९०।०० (**दुई अर्ब अट्ठाईस करोड तेईस लाख उनान्सतरि हजार दुई सय नब्बे**) विनियोजन गरेको छु। विनियोजित खर्चमध्ये चालुखर्च रु. १,१३,६२,००,०००।००, (**एक अर्व तेह्र करोड बैसठ्ठी लाख**), पुंजिगत खर्च रु. ५६,९५,१८,२९०।०० (**छपन्न करोड पन्चानब्बे लाख अठार हजार दुई सय नब्बे**), वित्तिय व्यवस्थापन तर्फ रु. ५,३३,३४,०००।००(**पाँच करोड तेतिस लाख चौतिस हजार मात्र**) र URLIP ( Urban Resilience and Livability and Improvement Project) संचालन तर्फ रु. ५२,३३,१७,०००।००(**बाउन्न करोड तेतिस लाख सत्र हजार**) बजेट बिनियोजन गरेको छु। यसका अतिरिक्त विनियोजन बजेटमा अन्य अनुदान शिर्षक अन्तर्गत सामाजिक सुरक्षा भता लगायतमा बजेट सिलिङ्ग प्राप्त नभएकोले सामाजिक सुरक्षा भता लगायतका थप शिर्षकमा विनियोजित भई आउने रकम सोही अनुसार विनियोजन हुने व्यहोरा समेत अवगत गराउँदछु।

**८.** अव म अगामी आ.व. २०८०/०८१ को विषय क्षेत्रगत नीति तथा कार्यक्रम (महाशाखा/ शाखा/ वडा/ केन्द्र/ समिति समेतको) सञ्चालनको लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान पेश गर्न चाहन्छु ।

| क्र.सं. | विषय क्षेत्रगत समिति | बजेट अनुमान | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास समिति | ६,२९,७५,००० | **छ करोड उनान्तिस लाख पचहत्तर हजार** |
| २ | सामाजिक विकास समिति | ६७,२८,४३,५०० | **सडसट्ठी करोड अठ्ठाईस लाख त्रिचालिस हजार पाँच सय** |
| ३ | पूर्वाधार विकास समिति | ९०,९८,८८,२९० | **नब्बे करोड अन्ठानन्बे लाख अठासी हजार दुई सय नब्बे** |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन विकास समिति | ६,०२,८७,५०० | **छ करोड दुई लाख सतासी हजार पाँच सय** |
| ५ | सुशासन तथा सँस्थागत विकास समिति | ५७,६३,७५,००० | **सन्ताबन करोड त्रिसट्ठी लाख पचहत्तर हजार** |
| **जम्मा** | | **२,२८,२३,६९,२९०** | **दुई अर्व अठ्ठाईस करोड तेईस लाख उनान्सत्तरी हजार दुई सय नब्बे** |

चालु खर्च तथा पुँजिगत खर्चका शिर्षकगत कार्यक्रमहरु समावेश भएको विनियोजन विधेयक र करको दर र दायराको विवरण समावेश भएको आर्थिक विधेयकमा विस्तृत विवरण उल्लेख गरी राजश्व र व्ययको अनुमान पेश गरेको छु ।

**आदरणीय नगरसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

**९.** उल्लेखित खर्च व्यहोर्न आगामी आर्थिक वर्ष २०८०/०८१ को राजश्व, ऋण तथा अनुदान परिचालनका लागि देहाय अनुसारका श्रोतहरु अनुमान गरेको छु ।

**१०.** उल्लेखित खर्च व्यहोर्न कुल राजश्वको अनुमान रु. २,२८,२३,६९,२९०।०० (**दुई अर्व अठ्ठाईस करोड तेईस लाख उनान्सत्तरी हजार दुई सय नब्बे**) पेश गरेको छु । जसमध्ये आन्तरिक श्रोतबाट रु. ८०,४३,११,२९०।०० (**अस्सी करोड त्रिचालिस लाख एघार हजार दुई सय नब्बे**), वाह्य श्रोतबाट रु. १,३९,४२,९८,०००।०० (**एक अर्व उनान्चालिस लाख बयालिस लाख सन्तानब्बे हजार**) तथा **URLIP** (Urban Resilience and Livability and Improvement Project) संचालनको लागि नगर

विकास कोषबाट प्राप्त हुने आन्तरिक ऋण रु. ८,३७,६०,०००।००(**आठ करोड सैतिस लाख साठ्ठी हजार**) राजश्व, ऋण तथा अनुदान प्राप्त हुने अनुमान गरेको छु ।

**११.** आन्तिरिक श्रोत तर्फ आन्तरिक राजश्व रु. २१,००,००,०००।०० (**एक्काईस करोड**), नेपाल सरकार राजश्व वाँडफाँडबाट रु. ३४,८४,२६,१००।०० (**चौतिस करोड चौरासी लाख छबिस हजार एक सय**), प्रदेश सरकार राजश्व बाडफाटबाट रु. १,८८,८५,१९०।०० (**एक करोड अठ्ठासी लाख पचासी हजार एक सय नब्बे**), नगर विकास कोष ऋण रु. ८,३७,६०,०००।००(**आठ करोड सैतिस लाख साठ्ठी हजार**) र जनसहभागिताबाट रु. २,७०,००,०००।०० (**दुई करोड सत्तरी लाख**) प्राप्त हुने अनुमान गरेको छु । यस उपमहानगरपालिकाको सञ्चित कोषमा बैंक मौज्दात रु. २०,००,००,०००।०० (विस करोड) रहने अनुमान गरेको छु ।

**१२.** वाह्य श्रोततर्फ अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट रु. १,३९,४२,९८,०००।०० (**एक अर्व उनान्चालिस करोड बयालिस लाख अन्ठानब्बे हजार**) राजश्व र अनुदान प्राप्त हुने अनुमान गरेको छु ।

**१३.** नेपाल सरकारबाट सशर्त अनुदानबाट रु. ६०,२९,००,०००।०० (**साठ्ठी करोड उनान्तिस लाख**) र नेपाल सरकार समानीकरण अनुदानबाट रु. ३२,५०,००,०००।०० (**बतिस करोड पचास लाख**), नेपाल सरकार समपुरक अनुदानबाट रु. १,२५,००,०००।००(**एक करोड पच्चिस लाख**) र **ULRIP** कार्यक्रम संचालनको लागि रकम रु. ४०,१२,२३,०००।००(चालिस करोड बाह्र लाख बाईस हजार) गरि जम्मा रु. १,३४,१६,२३,०००।०० (**एक अर्व चौतिस करोड सोह्र लाख बाईस हजार**) राजश्व तथा अनुदान प्राप्त हुने अनुमान गरेको छु ।

**१४.** प्रदेश सरकार सशर्त अनुदानबाट रु.१,५०,००,०००।०० (**एक करोड पचास लाख**), प्रदेश सरकार विशेष अनुदानबाट रु. ७५,००,०००।०० (**पचहत्तर लाख**), प्रदेश सरकार समपुरक अनुदानबाट रु. ५०,००,०००।०० (पचास लाख) र प्रदेश सरकार समानिकरण अनुदानबाट रु.२,५१,७५,०००।०० (**दुई करोड एकाबन लाख पचहत्तर हजार**) गरी रु. ५,२६,७५,०००।०० (**पाँच करोड छब्बिस लाख पचहत्तर हजार**) राजश्व तथा अनुदान प्राप्त हुने अनुमान गरेको छु ।

**१५.** उल्लेखित राजश्व र व्ययको खर्चको प्रभावकारी कार्यान्वयन मार्फत अपेक्षित उपलब्धीहरु हासिल गर्न सबैको सहकार्य आवश्यक हुन्छ । यसका लागि सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलहरु र यसका नेतृत्व वर्ग, कर्मचारीहरु, नीजि क्षेत्र, नागरिक समाज, संचारकर्मी ज्यूहरु र आम जनसमुदायमा हार्दिक आव्हान गर्दछु ।

- सार्वजनिक स्थानमा फोहर मैला संकलन को लागि डस्टबिन व्यवस्थापन गर्न ३० लाख विनियोजन गरेको छु ।
- लामखुट्टे नियन्त्रणको लागि अध्ययन गर्न २० लाख तथा सो को प्रतिवेदन अनुरुप कार्य गर्न थप २ करोड ५० लाख विनियोजन गरेको छु |
- नगरपालिकाको आफ्नो सवारी साधन पार्किंगस्थल तथा ग्यारेजको लागि १ करोड ५० लाख विनियोजन गरेको छु |
- नगर सौन्दर्यकरण योजना तथा फोहरमैला प्रसोधन केन्द्र निर्माणको लागि २ करोड ५ लाख विनियोजन गरेको छु |
- रंगभूमि मैदान व्यवस्थापनको लागि सहलगानी अनुरुप २० लाख विनियोजन गरेको छु |
- राम जानकी अन्तरास्ट्रिय रंगशालामा थप निर्माण गर्न २० लाख विनियोजन गरेको छु |
- घुम्ती सौचालय खरिद गरि संचालन गर्न ३५ लाख विनियोजन गरेको छु |
- सार्वजनिक स्थानमा वाटर ATM खरिद तथा संचालनको लागि आवस्यक रकम विनियोजन गरेको छु |

**किशोरी साह**

**उपप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका**